नेपाल सरकार

शहरी विकास मन्त्रालय

**सिफारिस समितिको सचिवालय**

**अधिकार सम्पन्न बाग्मती सभ्यता एकीकृत विकास समितिको**

**कार्यकारी समितिको अध्यक्ष पदका लागि**

**आवेदन मागको सूचना**

प्रथम पटक प्रकाशन मिति : २०८२/०७/२७

अधिकार सम्पन्न बाग्मती सभ्यता एकीकृत विकास समितिको कार्यकारी समितिको अध्यक्ष पदमा खुला प्रतियोगिताबाट पदपूर्ति गर्नुपर्ने भएकाले अधिकार सम्पन्न बाग्मती सभ्यता एकीकृत विकास समिति गठन आदेश, २०७३ र शहरी विकास मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारीको नियुक्ति तथा मनोनयन सम्बन्धी निर्देशिका, २०७६ बमोजिम इच्छुक उम्मेदवारहरूबाट यो सूचना प्रकाशन भएको मितिले २१ दिनभित्र कार्यालय समयभित्र शहरी विकास मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारीको नियुक्ति तथा मनोनयन सम्बन्धी निर्देशिका, २०७६ को अनुसूची-२ बमोजिमको ढाँचामा दरखास्त पेश गर्नुहुन सोही निर्देशिकाको दफा १० बमोजिम यो सूचना प्रकाशन गरिएको छ । दरखास्त बुझाउने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो पछि लगत्तै कार्यालय खुलेको दिन दरखास्त फाराम पेश गर्न सकिनेछ ।

१. आवश्यक योग्यता :

क) मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातक तह उत्तीर्ण गरेको

ख) पैंतिस वर्ष उमेर पूरा गरी साठी वर्ष उमेर ननाघेको

२. पारिश्रमिक तथा सुविधाहरू :

नेपाल सरकारबाट तोकिए बमोजिम

३. दरखास्त फारामसाथ संलग्न राख्नुपर्ने कागजातहरू :

क) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि

ख) शैक्षिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

ग) व्यक्तिगत विवरण

घ) अनुभव खुल्ने कागजातको प्रमाणित प्रतिलिपि

ङ) शहरी विकास मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारीको नियुक्ति तथा मनोनयन सम्बन्धी निर्देशिका, २०७६ को अनुसूची-२क. बमोजिमको स्वघोषणापत्र

च) अधिकार सम्पन्न बाग्मती सभ्यता एकीकृत विकास समिति सुधारको व्यावसायिक कार्य योजना (५ हजार शब्दमा नबढाई) को छुट्टै सिलबन्दी खाम

नोट : दरखास्त फाराम शहरी विकास मन्त्रालय (कर्मचारी प्रशासन शाखा) मा बुझाउनुपर्नेछ । फारमको ढाँचा वा अन्य आवश्यक जानकारीका लागि (कार्यालय समयभित्र ४२११८७६) मा सम्पर्क गर्न सकिनेछ । विस्तृत जानकारी मन्त्रालयको वेबसाइट www.moud.gov.np बाट समेत प्राप्त गर्न सकिनेछ ।

द्रष्टव्य : व्यावसायिक कार्य योजना प्रस्तुतीकरण र अन्तर्वार्ता हुने मिति, समय र स्थान उम्मेदवारहरूको अन्तिम सूची प्रकाशन गर्दा तोकिनेछ ।

- सिफारिस समिति